'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय

पदपूर्ति विभाग

पत्र संख्याः २०८०।८१,

चलानी नं. ४११

मिति २०८१।०३।१२

श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री ईञ्जिनियरिङ सेवा निर्देशनालय।
श्री प्रशासन निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय ।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय ।
श्री व्यवसाय विकास निर्देशनालय।
श्री आन्तरिक लेखा परिक्षण विभाग।
श्री कार्यकारी निर्देशकको सचिवालय।

विषय : आ. व. २०८०/८१ को कार्यसम्पादन मूल्याङ्कन फाराम सम्वन्धमा।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली,२०७५ (संशोधन सहित) को विनियम ५९ र ६० मा भएको व्यवस्था अनुसार कर्मचारीले हरेक आर्थिक बर्ष समाप्त भएपछि आउने श्रावण ७ गते भित्र आफुले बर्ष भरीमा सम्पादन गरेको मुख्य मुख्य कामहरुको विवरण सहित कार्यसम्पादन मूल्याङ्कन फाराम भरी आफ्नो सुपरिवेक्षकको कार्यालयमा दर्ता गराउनु पर्ने र सुपरीवेक्षक एवं पुनरावलोकनकर्ताले उल्लिखित विनियमको अधिनमा रही त्रुटी रहित ढंगले कार्यसम्पादन मूल्याङ्कन गरी तोकिएको समयावधिभित्र देहाय अनुसार पदपूर्ति विभागमा पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छः

१. प्रत्येक कर्मचारीले आफ्नो तह र पदसँग सम्बन्धित कार्यसम्पादन मूल्याङ्कन फाराम भरी श्रावण ७ गते भित्र सम्बन्धित सुपरिवेक्षकको कार्यालयमा अनिवार्य रुपमा दर्ता गराउने।
२. सम्बन्धित सुपरिवेक्षकको कार्यालयले बुँदा नं (१) बमोजिम प्राप्त हुन आएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु विनियम ५९ र ६० बमोजिम हुने गरी मूल्याङ्कन गर्ने गराउने।
३. कार्यसम्पादन वापतको अङ्क प्रदान गर्दा कार्यसम्पादन मूल्याङ्कन फारामको अङ्क प्रदान गर्ने विषय र अंकभारमा निर्दिष्ट गरिएको अङ्क अनुसार मात्र अङ्क प्रदान गर्ने गराउने।
४. कार्यसम्पादन मूल्याङ्कन हुने कर्मचारीको पद भन्दा कम्तिमा एक तह माथीको सम्वन्धित अधिकृतस्तरको कर्मचारी निकटतम सुपरीवेक्षक र सुपरीवेक्षक भन्दा कम्तिमा एक तह माथिको सम्बन्धित अधिकृतस्तरको कर्मचारी पुनरावलोकनकर्ता भई कार्यसम्पादन मूल्याङ्कन गर्नु पर्नेछ।
५. कार्यसम्पादन मूल्याङ्कन वापत पन्चानव्वे (९५%) प्रतिशत भन्दा वढी वा पचहत्तर (७५%) प्रतिशत भन्दा कम अंक प्रदान गरिएको अवस्थामा सो को स्पष्ट कारण अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
६. तह १ देखि ४ सम्मका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न गरी मूल्याङ्कित फारामहरु तहगत रुपमा खामभित्र राखी शिलबन्दी गर्ने र पुनरावलोकनकर्ताले शिलबन्दी खामको बन्द बन्दमा दस्तखत गर्ने। कर्मचारीहरुको निम्नानुसारको विवरण २ प्रति तयार गरी १ प्रति खामभित्र राखी शीलवन्दी गर्ने र १ प्रति खामवाहिर टाँस गर्ने।

'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं**

प्रशासन निर्देशनालय

## पदपूर्ति विभाग

| क्र.सं. | दर्ता नं. | पद | तह | कर्मचारीको नाम थर | कर्मचारीको संकेत नं. | आर्थिक वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

७. तह ५ देखि माथिका सबै कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम निकटतम सुपरिवेक्षक र पुनरावलोकनकर्ताबाट मूल्याङ्कन गराई बुँदा नं. ६ मा उल्लेख भए अनुसार खाम बन्दी गरी सो विवरण सहित पदपूर्ति विभागमा पठाउने ।

८. वितरण तथा ग्राहक सेवा निर्देशनालय मातहतका प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालयहरुले आफ्नो प्रदेश क्षेत्र भित्र रहेका प्राधिकरणका सबै कार्यालयहरुमा कार्यरत कर्मचारीहरु समेतलाई आवश्यक पर्ने संख्याको संलग्न नमुना बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फारामहरु (तह १ देखि ४ सम्मको थान १ र तह ५ देखि ११ सम्मको थान १ बमोजिम दुरुस्त हुने गरी जम्मा दुई पाना ४ पेजमा समेटिएको ८० Gsm Woodfree Paper, 18"*11.5" साईजमा) छपाई गरी सबै कार्यालयहरुमा समयमै पुग्ने गरी वितरणको व्यवस्था मिलाउनु हुन र प्रदेश भित्रका कार्यालयाहरुले आवश्यक पर्ने कार्यसम्पादन मूल्याङ्कन फारामहरु सम्बन्धित प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हनेछ।

९. बागमती प्रादेशिक कार्यालय अन्तरगर्तका कार्यालयहरु (हेटौडा प्रदेश डिभिजन कार्यालय र अन्तर्गतका कार्यालयहरु वाहेक) र काठमाडौं उपत्यकाभित्रका सबै कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि कार्यसम्पादन मूल्याङ्कन फाराम पदपूर्ति विभागबाट उपलब्ध हुनेछ।

१०. कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, मूल्याङ्कन गर्ने र सो को विवरण तयार गरी पठाउने लगायतका अन्य बिषयमा कुनै द्विविधा भएमा पदपूर्ति विभागको टेलिफोन नं ४१५३०४८ **(Email: recruitment@nea.org.np, promo.div@nea.org.np)** मा सोधपुछ गर्न सकिनेछ ।

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री कोशी प्रादेशिक कार्यालय, विराटनगर ।

श्री मधेश प्रादेशिक कार्यालय, जनकपुर ।

श्री बागमती प्रादेशिक कार्यालय, काठमाण्डौ ।

श्री गण्डकी प्रादेशिक कार्यालय, पोखरा ।

श्री लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल ।

श्री कर्णाली प्रादेशिक कार्यालय, सुर्खेत ।

श्री सुदुर पश्चिम प्रादेशिक कार्यालय, अत्तरिया ।

श्री बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौडा ।

श्री लुम्बिनी प्रदेश, प्रदेश डिभिजन कार्यालय, नेपालगंज ।

२०७९/०३/१२

(बेलप्रसाद शर्मा)

निर्देशक

**सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९**

Email: neamd@nea.org.np, Web: www.nea.org.np